# शैलुङ गाउँपालिका

## काटाकुटी, दोलखा

गाउँ कार्यपालिकाको बैठक पुस्तिका

बैठक संख्याः ६१

बैठक मिति २०८२/०७/२५

आज मिति २०८२ साल कात्तिक २५ गते मङ्गलबारका दिन शैलुङ गाउँपालिकाका अध्यक्ष श्री रिमल बाबु श्रेष्ठज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा शैलुङ गाउँ कार्यपालिकाको कार्यालयमा गाउँ कार्यपालिकाको ६१ औं बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

| सि.नं. | पदाधिकारीको नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री रिमल बाबु श्रेष्ठ | अध्यक्ष | |
| २ | श्री पार्वती कार्की | उपाध्यक्ष | |
| ३ | श्री बिर बहादुर घतानी | वडा अध्यक्ष १ नं. वडा,सदस्य | |
| ४ | श्री तिर्थ बहादुर श्रेष्ठ | वडा अध्यक्ष २ नं. वडा,सदस्य | |
| ५ | श्री बिर बहादुर तामाङ | वडा अध्यक्ष ३ नं. वडा,सदस्य | |
| ६ | श्री झम्क बहादुर कार्की | वडा अध्यक्ष ४ नं. वडा,सदस्य | |
| ७ | श्री दिल कुमार तामाङ | वडा अध्यक्ष ५ नं. वडा,सदस्य | |
| ८ | श्री दिपक बस्नेत | वडा अध्यक्ष ६ नं. वडा,सदस्य | |
| ९ | श्री सुजन खड्का | वडा अध्यक्ष ७ नं. वडा,सदस्य | |
| १० | श्री धन बहादुर तामाङ | वडा अध्यक्ष ८ नं. वडा,सदस्य | |
| ११ | श्री बन्दना पाख्रिन | गाउँ कार्यपालिका सदस्य | |
| १२ | श्री सन्तोषी गुरुङ | गाउँ कार्यपालिका सदस्य | |
| १३ | श्री चम्सुरी कार्की | गाउँ कार्यपालिका सदस्य | |
| १४ | श्री मछिन्द्र नेपाली खत्री | गाउँ कार्यपालिका सदस्य | मछिन्द्रा |
| १५ | श्री युवराज घतानी | गाउँ कार्यपालिका सदस्य | |
| १६ | श्री विशाल वि.क. खाती | गाउँ कार्यपालिका सदस्य | |
| १७ | श्री सन्जिब न्यौपाने | प्रमुख प्रशासकीय अधिकृत, सदस्य सचिव | |

सहजकर्ता कर्मचारी

श्री सन्तोष दाहाल , शिक्षा अधिकृत

श्री ठमिर प्रसाद घिमिरे, सूचना प्रविधि अधिकृत

प्रस्तावहरु

१. मासिक समिक्षा सम्बन्धमा ।

२. शैलुङ मिनीग्रेटवाल लागत साझेदारीमा बहुवर्षीय योजनामा माग गर्ने सम्बन्धमा ।

३. पशुपन्छी विकास कार्यक्रम सम्बन्धमा ।

४. खर्क व्यवस्थापन कार्यक्रम सम्बन्धमा ।

५. मुडे बाखखोर कालापानी सडक ठेक्का तोड्न सिफारिस गर्ने सम्बन्धमा ।

६. बाख्रा स्रोतकेन्द्र कार्यक्रमको लागी वडा छनौट सम्बन्धमा ।

७. रासायनिक मल ढुवानी कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८२ सम्बन्धमा ।

८. दुधमा अनुदान कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८२ सम्बन्धमा ।

९. विविध सम्बन्धमा ।

   क) राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता खर्च अनुमोदन सम्बन्धमा ।

   ख) लक्षित वर्ग कार्यक्रम सम्बन्धमा ।

   ग) १६ दिने अभियान सञ्चालन सम्बन्धमा ।

   घ) राजश्व सम्बन्धमा ।

   ङ) आर्थिक सहायता सम्बन्धमा ।

   च) सवारी साधन मर्मत सम्बन्धमा ।

निर्णयहरु

प्रस्ताव नं. १ माथि छलफल गर्दा शैलुङ गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरुमा भइरहेको सेवा प्रवाह, वडामा भइरहेका गतिविधिहरु, आगामी आ.व. २०८२/०८३ को बार्षिक कार्ययोजना कार्यान्वयन र गाउँ कार्यपालिकाबाट निर्णय भएका निर्णयहरु कार्यान्वयनको अवस्था सम्बन्धी छलफल गर्दै आइपरेका समस्याहरुको समस्या समाधान गर्दै सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने निर्णय गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व.२०८२/०८३ मा बागमति प्रदेश सरकारद्वारा कालापानी शैलुङ मिनि ग्रेटवाल निर्माणको लागी योजना तथा कार्यक्रममा समावेश गरी रू १,८०,००,०००/-(एक करोड असी लाख मात्र) विनियोजन भएकोमा विस्तृत आयोजना प्रतिवेदन (DPR) अनुसार रू १३,५०,७६,००९।७०(तेर्ह करोड पचास लाख छयहत्तर हजार नौ रुपैयाँ सत्तरी पैसा मात्र) लागत अनुमान रहेकोमा गाउँपालिका(३०%) र संघीय सरकार(७०%)को संयुक्त लागत साझेदारीमा ४९५ मि. लम्बाई खण्डको निर्माण कार्य सम्पन्न भईसकेकोमा बाँकी ५०० मि. लम्बाई कार्य सम्पन्न गर्न गाउँपालिका र प्रदेश सरकारको लागत साझेदारी(प्रदेश सरकार ७०% र गाउँपालिका ३०% ) हुने गरी रू ६,५०,००,०००/-(छ करोड पचास लाख मात्र) को ३० % हुन आउने रकम रू १,९५,००,०००/-(एक करोड पन्चानब्बे लाख मात्र) रकम समेत गाउँपालिकाको वहुवर्षिय योजनामा सुनिश्चित गरी प्रदेश सरकारको वहुवर्षिय योजनामा समावेश गरी योजना कार्यान्वयन गर्न र आयोजना सम्पन्न भएपछी सोबाट हुने आम्दानी गाउँपालिकाको आन्तरिक आम्दानी अत्यन्त न्युन भएको हुँदा गाउँपालिकालाई ६०% र प्रदेश सरकारलाई ४०% हुने गरी गर्नको लागी बागमति प्रदेश सरकार सँग अनुरोध गर्ने निर्णय गरियो ।